Regd. No.: 1229/066/67

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
"A" Class Institution Licensed By Nepal Rastra Bank

क.स.का.च.नं /७३८/०७५/७६

मिति : २०७५/०९/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : आठौ वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७५/०९/०८ गते बेलुका ६.३० बजे बसेको संचालक समितिको २३८ औं बैठकले निर्णय गरे बमोजिम बैंकको आठौं वार्षिक साधारणसभा मिति २०७५ साल पौष महिनाको ३० गते सोमबारका दिन राष्ट्रिय सभागृह,प्रदृशनीमार्ग काठमाडौमा हुन गईरहेको ब्यहोरा जानकारी गराउँदै सो सँग सम्बन्धीत राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित सूचनाको प्रतिलिपी समेत यसै पत्रसाथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध गर्दछु ।

संलग्न :–

१) राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित सूचनाको प्रति -थान १

भवदीय,

(तुलसीराम पोखरेल)
कम्पनी सचिव
Company Secretary

मेगा बैंक नेपाल लिमिटेड
राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५५, फोन नं.: ९७७-१-४१६५२१७, फ्याक्स नं.: ९७७-१-४१६५२१५
URL:www.megabanknepal.com, Email:customercare@megabank.com.np

# आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावज्यूहरू,**

मेगा बैंक नेपाल लिमिटेडको सञ्चालक समितिको मिति २०७५/०९/०८ गते बसेको २३८औं बैठकको निर्णयानुसार यस बैंकको आठौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७५ साल पौष ३० गते, सोमबार (तदनुसार 14th Jan, 2019)
समय : बिहान ११:०० बजे
स्थान : राष्ट्रिय सभागृह प्रदर्शनी मार्ग, काठमाडौं ।

**२. छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७४/७५ पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी मेगा क्यापिटल मार्केटस् लिमिटेडको आ.व. २०७४/०७५ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/७६ को लागि बैंकको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको ६.८५ प्रतिशतका दरले नगद लाभांश स्वीकृत गर्ने ।
६. बैंकको स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरिएको जानकारी सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको १.००२३३ प्रतिशतका दरले बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात् कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत् राख्ने ।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको १.००२३३ प्रतिशतका दरले बोनस शेयर जारी गरे पश्चात् बैंकको जारी पुँजी र चुक्ता पुँजी वृद्धि हुन जाने भएकोले सोही बमोजिम बैंकको प्रवन्धपत्रका सम्बन्धित दफाहरु संशोधन गर्ने ।
३. बैंकको प्रबन्धपत्रको दफा ५ को (त्र३) पछि (त्र४) थप गरी सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने भए सो समेत लिई बैंक आफै वा सहायक कम्पनी मार्फत शेयर दलाल (Share Broker) सम्बन्धी कार्य गर्ने व्यवस्था थप गर्ने ।
४. बैंकको नियमावलीको नियम २५ संशोधन गर्ने ।
५. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै परिमार्जन/फेरबदल गर्न सुझाव/निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक परिमार्जन/फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६. बैंकमा अर्को कुनै बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
७. प्रचलित ऐन/कानूनको अधिनमा रही बैंकमा वैदेशिक रणनीतिक साझेदार ल्याउने प्रयोजनको लागि वैदेशिक रणनीतिक साझेदारको पहिचान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

..........................................

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी:**

१. बैंकको शेयरधनी दर्ता किताब साधारणसभाको प्रयोजनको लागि मिति २०७५/०९/१६ गते (एक दिन) बन्द रहनेछ । २०७५ पौष १५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोबार भई मिति २०७५ पौष २२ गतेसम्ममा बैंकको शेयर रजिष्ट्रार, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लि.मा दर्ता भएका शेयरहरुलाई मात्र साधारणसभामा सहभागी गराइने छ ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि साधारणसभा सम्पन्न नभएसम्म खुल्ला रहने छ । हाजिरी जनाउनको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचयपत्र वा सक्कल शेयर प्रमाणपत्र प्रस्तुत गर्नुपर्ने छ भने आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकीकरण गराई सक्नु भएका शेयरधनी महानुभावहरुको हकमा Demat खाता नम्बर र सक्कल आधिकारिक परिचयपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

३. बैंकले निर्धारण गरेको ढाँचामा बैंकको छाप र कम्पनी सचिवको दस्तखत भएको प्रतिनिधिपत्र (प्रोक्सी) फारामलाई मात्र मान्यता दिइनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थापक समूह र सर्वसाधारण समूह मध्ये जुन समूहको हो सो समूहमा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालय स्थित कम्पनी सचिवको कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुन अनिवार्य छ ।

५. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुनु भएमा शेयरधनीको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

८. नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

९. स्वदेश वा विदेशमा रही साधारणसभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले बैंकको आधिकारिक वेवसाइट www.megabanknepal.com मा रहेको प्रोक्सी फारामलाई डाउनलोड गरी हस्ताक्षर गरी Scan copy प्रोक्सी फाराम बैंकमा पठाउन सक्नु हुनेछ ।

१०. साधारणसभा सम्बन्धी थप जानकारीको लागि बैंकको केन्द्रीय कार्यालयको फोन नं. ४१६९२१६, ४१६९२१७ एक्सटेन्सन १००, ३००, ३०६ र १९३ वा बैंकको शेयर रजिष्ट्रारको कार्य गर्ने नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालको फोन नं. ४४१०७३७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**अन्य थप जानकारी:**

सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सो संग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका बैंकको केन्द्रीय कार्यालय र बैंकको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल र साधारणसभा हुने दिन साधारणसभा स्थलमा उपलब्ध गराइनेछ । साथै उक्त प्रतिवेदन बैंकमा उपलब्ध भएको शेयरधनीहरुको ईमेल ठेगाना र बैंकको वेभसाईट www.megabanknepal.com मा पनि उपलब्ध गराइनेछ । संक्षिप्त वार्षिक आर्थिक विवरण सम्बन्धी जानकारी कम्पनी ऐन २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम यसै साथ राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । साथै बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन र प्रोक्सी फाराम बैंकको वेवसाईट www.megabanknepal.com बाट डाउनलोड पनि गर्न सकिनेछ ।